नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १६२ २०७८ साल माघ १२ गते बुधवार (26 Jan. 2022 Wednesday) मूल्य रु. ५/-

वस्तु तथा सेवाको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता र सेवा प्रदायकले उपभोक्ता संरक्षण ऐन र नियमावली बमोजिमको कर्तव्य र जिम्मेवारी वहन गरी उपभोक्ताको हित संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'कोरोनाको ग्राफ निरन्तर' ३ पृष्ठमा : लक्षित जनसंख्याको ४४ प्रतिशतले ... ३ पृष्ठमाइन्डोनेसिया विभिन्न समुदायका..

# सप्तरीमा कोभिड-१९ विरुद्धको १ लाख ६ हजार ३ सय १६ जनाले लगाए पूर्ण खोप

**दैनिक समाचारदाता**
**राजविराज ११ माघ ।**

सप्तरीमा कोभिड १९ बिरुद्धको पूर्ण खोप १ लाख ६ हजार ३ सय १६ जनाले लगाएका छन् । जिल्लामा २०७७ साल माघ १४ देखी कोभिड विरुद्धको खोप अभियान शूरु गरिएको थियो ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका अनुसार मंगलवार सम्ममा २ लाख ९४ हजार जनाले कोभिड १९ विरुद्धको पहिलो डोज तथा बाँकी रहेकाहरुलाई दोश्रो मात्राको खोप लगाउने क्रम जारी रहेको छ ।

हाल सम्म कोभिसिल्डको ६ हजार ९ सय ५५, भेरोसिलको ४५ हजार ९ सय ११ र जोनसन एण्ड जोनसनको पुर्ण डोज ३५ हजार २ सय ८४ जनाले पाईसकेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

यस्तै स्टाजेनिकको १७ हजार १ सय ६६ र फाईजरको १ हजार जनाले पुर्ण खोप पाईसकेका छन् । उनले बाकी रहेकाहरुलाई पनि स्थानीय तह र स्वास्थ्य केन्द्रहरु मार्फत खोप लगाउने क्रम जारी रहेको बताए ।

यस्तै पुर्णमात्रामा खोप लगाएको र ६ महिना पुरा भएका ब्यक्तीलाई बुस्टर डोजको खोप दिने काम जिल्लामा शुरु भईसकेको र हाल सम्म करिब १ हजार ब्यक्तीले उक्त खोप पाईसकेको उनको भनाइ छ । उनले बुस्टर डोजमा पहिले जुन खोप लगाएको हो सोही खोप लगाउनु पर्ने बताए ।

# सप्तरीमा थपिए २४ संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज ११ माघ ।**

सप्तरी जिल्लामा मंगलबार २४ जना संक्रमित थपिएका छन् ।

गजेन्द्र नारायण सिह अस्पतालको पिसीआर प्रयोगशालामा ४९ जनाको स्वाव परिक्षण गर्दा २४ जनामा संक्रमण पुष्टी भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

यो संगै कोरोनाको तेश्रो लहरमा जिल्लामा संक्रमित हुनेहरुको संख्या २ सय ५६ पुगेको छ । सप्तरीमा कोरोना भाईरसको संक्रमण शूरु भएदेखी हालसम्ममा पहिलो चरणमा ४१ दोश्रो चरणमा १२१ र तेश्रो चरणमा २ गरी १ सय ६४ जनाको मृत्यु भईसकेको छ ।

# स्थानीय तहको निर्वाचनको मिति यथाशीघ्र तोक्न नेपाल सरकारलाई निर्वाचन आयोगको आग्रह

काठमाडौँ, ११ माघ (रासस) ।

निर्वाचन आयोगले आगामी स्थानीय तहको निर्वाचनको मिति यथाशीघ्र तोक्न नेपाल सरकारलाई आग्रह गरेको छ ।

वर्तमान संवैधानिक एवं कानूनी व्यवस्थाका आधारमा स्थानीय तहको निर्वाचनको मिति तोक्ने काम विलम्ब हुँदै गए निर्वाचन व्यवस्थापनको कार्य व्यावहारिक एवं प्राविधिक कारणले जटिल बन्दै जाने बताउँदै आफ्नो परामर्शमा यथाशीघ्र निर्वाचनको मिति तोक्न आयोगले आग्रह गरेको हो ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ को उपदफा (१) बमोजिम मिति तोक्न सरकारसँग आयोगले आग्रह गरेको आयोगद्वारा मंगलबार जारी प्रेस विज्ञप्तिमा जनाइएको छ । राजनीतिक दलले नै स्थानीय तहको निर्वाचन समयमा नै गर्नुपर्नेतर्फ जोड दिँदै आयोग पूर्ण तयारी अवस्थामा रहनुपर्ने र सरकारसँग समयमा नै निर्वाचन गर्न सम्पर्कमा रही मिति तोक्न सिफारिस गर्नेलगायतका विविध सुझाव प्राप्त भएको विषय स्मरण गराएको छ ।

आयोगका पदाधिकारी र १६ राजनीतिक दलका प्रतिनिधिबीच गत पुस ३० गते स्थानीय तहको आगामी निर्वाचनका सन्दर्भमा गरिएका पूर्व तयारीका कार्य र स्थानीय तहको निर्वाचनको मिति तय गर्न नेपाल सरकारसमक्ष परामर्श दिने सम्बन्धमा बैठकमा उक्त सुझाव दिइएको थियो ।

स्थानीय तहको निर्वाचन व्यवस्थापनका लागि कानूनतः आयोगलाई सामान्यतया १२० दिन निर्वाचन अवधि आवश्यक पर्ने भएकाले निर्वाचनलाई लक्षित गरी मतदाता नामावली सङ्कलन, मतदानस्थलको पुनरावलोकन र निर्धारण तथा निर्वाचन सम्पन्न गर्न आवश्यक अन्य पूर्व तयारीका कार्य निरन्तर गरिरहेको जानकारी दिएको छ । आयोगले प्रस्ताव गरेअनुसार निर्वाचनको मिति तोकिएमा २०७९ साल वैशाख मसान्तभित्रै स्थानीय तहको निर्वाचन सम्पन्न गर्न आयोग तयारी अवस्थामा रहेको विज्ञप्तिमा उल्लेख छ ।

स्थानीय तहको निर्वाचन २०७४ साल वैशाख ३१ गते पहिलो चरण, असार १४ गते दोस्रो

***बाँकी अन्तिम पृष्ठमा***

# २५ हजार परीक्षण गर्दा १२ हजार संक्रमित

काठमाडौँ, ११ माघ (रासस) ।

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको संक्रमण १२ हजार आठजनामा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मंगलबार सार्वजनिक गरेको बुलेटिनमा २५ हजार ९०९ को परीक्षण गर्दा १२ हजार आठजनामा संक्रमण पुष्टि भएको हो ।

सक्रिय संक्रमितको संख्या ८८ हजार ९३४ पुगेको छ । पछिल्लो समय तीन हजार ४० जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको संख्या आठ लाख २७ हजार २७९ पुगेको छ । निको हुने दर ८९.२ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

विगत २४ घण्टामा मंगलबार आठ जनाको संक्रमणका कारण निधन भएको छ । अहिलेसम्म ११ हजार ६६७ जनाको संक्रमणका कारणले निधन भएको छ ।

यस्तै ५०० भन्दा बढी संक्रमण भएको जिल्ला १५ पुगेको छ । मन्त्रालयका अनुसार ५०० भन्दा बढी संक्रमित हुने जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी पूर्व, बाँके,

***बाँकी अन्तिम पृष्ठमा***

मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले
तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको
मास्कले मेरो सुरक्षा
गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई
बचाउन सक्छौं




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

# उच्च सतर्कता आवश्यक

कोरोना महामारीको तेश्रो लहरमा संक्रमण तिब्र गतिमा फैलिरहेको छ । यस्तो अवस्थामा उच्च सतर्कताको आवश्यकता रहेको छ । कोरोना संक्रमणलाई नियन्त्रण र रोकथाम गर्न निकै कठिनाई भइरहेको छ। हाल कोरोना संक्रमण फैलिएको क्षेत्रमा उच्च सतर्कता अपनाउन सरकारले आग्रह समेत गरेको छ ।

तर, मानिसहरुको बजारमा उल्लेखीय उपस्थिति तथा सरकारी आग्रहको पालना नभएको कारणले पनि अहिले कोरोनाको कहर बढ्दै गएको छ। बजारहरुमा सामाजिक दुरी कायम तथा मास्कको प्रयोग नहुनुले अवस्था झनै जटिल हुँदै गएको छ। यस्तो अवस्थामा मानिसहरु रोगलाई आफै निम्त्याएको देखिन्छ ।

माहामारीलाई परास्त गर्न सबैले सरकारी आग्रहको पालना गर्नसके तथा मानिसहरु रोगको गम्भिरता बुझ्न सके मात्र यसलाई परास्त गर्न सकिने कुरामा दुईमत नहोला । तसर्थ सबैले सरकारी आग्रहको पालना गर्दै आफै रोगबिरुद्ध सतर्कत अपनाउनु आवश्यक रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'कोरोनाको ग्राफ निरन्तर उकालो लागे'सँगै जडीबुटीको धुलोको माग बढ्दो

काठमाडौँ, ११ माघ (रासस)।

नयाँ भेरियन्टसहितको कोरोना भाइरसको सङ्क्रमण बढेसँगै गुर्जोलगायत जडीबुटीबाट बनेको रोग प्रतिरोधी क्षमता वृद्धि गर्ने धुलोको माग बढ्न थालेको छ ।

कोरोनामा गुर्जोलगायत जडीबुटीले राम्रो गरेको अनुभव भएपछि धेरैको आकर्षण यसतर्फ बढेको हो । विसं २०७६ चैतमा नेपालमा कोरोना भाइरस भेटिएपछिदेखि नै मानव शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि गर्ने गुर्जोलगायत जडीबुटी मिसिएको पोका निःशुल्क वितरण गर्दै आउनुभएका आन्तरिक राजस्व कार्यालयमा कार्यरत कमलबहादुर राजलवटले यसपटक पनि अभियानलाई तीव्रता दिनुभएको छ । हाल ४० जिल्लाका १२० स्थानबाट निःशुल्क गुर्जोलगायत करिब ६० जडीबुटी मिसिएको धुलो वितरण भइरहेको उहाँले जानकारीदिनुभयो ।

नेपालमा पहिलोपटक कोरोना देखिँदा आन्तरिक राजस्व कार्यालय लहानमा प्रमुख कर अधिकृतका रुपमा कार्यरत उहाँले त्यसबेलादेखि नै देशभर निःशुल्क जडीबुटीको धुलो वितरण शुरु गर्नुभएको हो । कार्यालय सरुवा भएर काभ्रपलाञ्चोकको धुलिखेलमा आएपछि पनि उहाँले जडीबुटीको धुलो वितरणलाई निरन्तरता दिनुभएको छ । गुर्जोकोमात्र धुलो वितरण गरेर अभियान शुरु गर्नुभएका राजलवटले कोरोनाको दोस्रो लहरका बेला ४८ जडीबुटीको धुलो बनाएर वितरण गर्नुभएको थियो ।

**गुर्जोलगायत ५६ जडीबुटीबाट बनेको धुलोको माग बढ्दो**

कोरोनाको तेस्रो लहर शुरु भएपछि भने उहाँले ५६ प्रकारका जडीबुटीको धुलो बनाएर निःशुल्क वितरण गर्न थाल्नुभएको छ । तेस्रो लहरको कोरोना छिटो फैलने र यसले परिवारका सबैजसो सदस्यलाई ग्रस्त बनाउन थालेपछि यसको माग बढेको हो । कार्यालय समय बाहेक बिहान र बेलुका जडीबुटीको धुलो बाँडेर नै बिताउने गर्नुभएका राजलवट कोरोनालगायत फ्लुजन्य रोगबाट बच्न जडीबुटीको धुलो प्रभावकारी भएको अनुभव सुनाउनुहुन्छ । एकपटक जडीबुटीको धुलो प्रयोग गरेकाले पटकपटक फोन गरेर थप धुलो मगाउने गरेका छन् ।

हाल गुर्जो, तुलसी, असुरो, लेमनग्रास, कटीपत्ता, ज्वानो, मेथी, दालचिनी, तेजपात, हर्रो, बर्रो, अमला, ल्वाङ, अलैँची, टिम्बुर, मरिच, सुठो, बेसार, पिपला, अपमार्ग, सनईपत्ता, निपोध, निम, चिराइतो, बकाइनो, ज्येष्ठमधु, वायुविरिङ, चुत्रो, नागरमोथी, सुन्तलाबोक्रा, अनारबोक्रा, लज्जावती, पुनःनभा, अम्बापात, पारिजात पात, आँप पात, वर पात, पिपल, मेवा पात, बोझो, तितेपाती, रुदिलो, कालोजिरा, बेलपात, माझिम फल, जङ्गे हर्रो, सिमल फुल, पुदिना, ठूलो ओखती, अर्जुन छाल, धनियाँ, ब्राह्मी, कोइरालो, खयर, सयपत्री, गोदावरी गरी ५६ वटा जडीबुटीबाट बनेको धुलो बनाएर वितरण गरिएको छ ।

कोरोना सङ्क्रमित तथा रूघा, खोकी, ज्वरो, फ्लु रोगीमा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धिका लागि गुर्जोसहितको धुलो उपयोगी मानिने आयुर्वेदका चिकित्सक डा वंशदीप शर्मा खरेल बताउनुहुन्छ । आयुर्वेद चिकित्सक तथा विज्ञको परामर्शमा तयार गरी यो धुलो वितरण शुरु गरिएको हो । आयुर्वेद चिकित्सक स्व डा ऋषिराम कोइराला, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, कीर्तिपुरका कार्यकारी निर्देशक डा रामआधार यादवलगायत चिकित्सकको सल्लाहमा यो धुलो तयार पारिएको अभियानकर्मी राजलवट बताउनुहुन्छ ।

सङ्क्रमण फैलिएका बेला रोगबाट बच्न आयुर्वेदिक गुणयुक्त वनस्पति गुर्जोका परिकार सेवन गर्नेको सङ्ख्या बढ्न थालेको छ । कोरोना पोजेटिभ भएका मानिसले पनि गुर्जोका परिकार सेवन गर्न थालेपछि रिपोर्ट नेगेटिभ आएको अनुभव सुनाएका छन् ।

कीर्तिपुरस्थित आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रमा आइसोलेसनमा राखिएका कोरोना पोजेटिभलगायतलाई गुर्जोलगायत जडीबुटीकै सेवन गराउने गरिएको कार्यकारी निर्देशक यादवले सुनाउनुभयो । यी केन्द्रमा बिहान बेलुका प्राणायाम, योग र ध्यानसमेत गराइन्छ । यो विधिबाट उपचार गर्दा बिरामी ठीक भएर फर्कने गरेको उहाँको भनाई छ ।

हालसम्म करिब तीन लाखभन्दा बढीलाई गुर्जोका बिरुवा वितरण गरिएको उहाँले जानकारीदिनुभयो । त्यति नै सङ्ख्यामा गुर्जोबाट बनेको चिया र धुलो पनि निःशुल्क वितरण गरिएको छ । सार्वजनिक स्थलमा हुने कार्यक्रममा निःशुल्क गुर्जोको चियासमेत करिब पाँच लाख मानिसलाई खुवाइएको राजलवट बताउनुहुन्छ । गुर्जोका परिकारले कब्जियत हटाउने, तरोताजा एवं स्फूर्तिसमेत बढाउने सेवनकर्ताको अनुभव छ ।

यस्तै महत्वको औषधि भएकाले एक घरमा अनिवार्य रुपमा एउटा गुर्जोको बिरुवा रोपे धेरै रोगका लागि औषधिको काम गर्ने, नियमित सेवनले मानव शरीरमा रोग प्रतिरोधी क्षमता बढ्ने आयुर्वेद चिकित्सक डा खरेल बताउनुहुन्छ ।

आयुर्वेद शास्त्रको 'यस्य देशस्य यो जन्तो : तस्य तद् औषधं हितम्' अर्थात् जुन स्थानमा मानिस जन्मन्छ, उसलाई औषधिको काम गर्ने वनस्पति त्यहीँ हुन्छ भन्ने सिद्धान्तका आधारमा गुर्जोजस्ता ओषधीय गुणले युक्त वनस्पतिको संरक्षण गरिनुपर्ने उहाँले बताउनुयो ।

हिमालयका काखमा रहेको नेपाली वनपाखामा धेरै किसिमका औषधिय गुणले युक्त जडीबुटी एवं वनस्पति भएपनि तिनको सदुपयोग हुन सकेको छैन । कतिपय जडीबुटी, वनस्पति चोरी निकासी भई त्यसमा रासायनिक पदार्थ मिलाएर बनाइएको आधुनिक औषधि नेपालमा भित्रने गरेको अभियानकर्मीको गुनासो छ ।

आयुर्वेद अस्पताल र औषधालयलाई प्रवर्द्धन गर्न खोज अनुसन्धानमा जोड दिनुपर्ने चिकित्सक खरेलको भनाइ छ । आयुर्वेद औषधि उत्पादन गर्ने सिंहदरबार वैद्यखाना विकास समितिसमेत निरन्तर ओरालो लागेकाले सरोकार भएका निकायको ध्यान जानुपर्ने अभियानकर्मीको माग छ ।

# राष्ट्रियसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पूरा

काठमाडौँ, ११ माघ (रासस)।

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य १९ पदका लागि बुधबार हुने निर्वाचनको सम्पूर्ण तयारी पूरा गरेको छ । शान्ति सुरक्षा, स्वास्थ्य मापदण्ड तथा निर्वाचनस्थल र केन्द्र निर्माणलगायत गर्नुपर्ने निर्वाचन व्यवस्थापनको सम्पूर्ण तयारी पूरा भएको आयोगका प्रवक्ता शालिग्राम पौडेलले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "केही स्थानमा सामान्य बुथ निर्माण र सर्वदलीय बैठक गर्नेबाहेक निर्वाचन व्यवस्थापनका लागि गर्नुपर्ने शान्ति सुरक्षा, स्वास्थ्य मापदण्डलगायत अरु सबै तयारी पूरा भइसकेको छ, बाँकी ती केही काम पनि मंगलबारै सम्पन्न हुनेछ ।"

निर्वाचनको मौनअवधि सुरु भइसकेकाले प्रचार-प्रसार रोकिएको छ भने निर्वाचनमा खटिने सुरक्षाकर्मी, निर्वाचन कर्मचारी र स्वास्थ्यकर्मीसहितको टोलीको व्यवस्थापन भइसकेको छ । मुलुकका विभिन्न प्रदेशमा कायम रहेका आठ मतदानस्थल र १४ केन्द्रमा बुधबार बिहान ९ देखि दिउँसो ३ बजेसम्म मतदान हुनेछ ।

आगामी फागुन २० गते नेकपा (एमाले)का आठ, नेकपा (एकीकृत समाजवादी)का चार, नेकपा (माओवादी केन्द्र)का चार र नेपाली कांग्रेसका तीन राष्ट्रियसभा सदस्यको पदावधि समाप्त हुने भएकाले रिक्त स्थानका लागि निर्वाचन हुन लागेको हो । सदस्यको पदावधि समाप्त हुनु ३५ दिनअघि नै निर्वाचन गर्नुपर्ने प्रावधान छ । सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने नौ राजनीतिक दलका उम्मेदवार चुनावी मैदानमा छन् ।

आयोगका अनुसार नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी, जनता समाजवादी पार्टी नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टीले निर्वाचनमा भाग लिएका छन् ।

निर्वाचनका लागि प्रदेशसभा सदस्य तथा पालिका प्रमुख र उपप्रमुख गरी दुई हजार २५ मतदाता कायम छ । निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ४८ र पालिका प्रमुख र उपप्रमुखको मतभार १८ हुनेछ । निर्वाचनमा स्थानीय तहका एक हजार ४९३ र प्रदेशसभाका ५३२ मतदाता रहने छन् । मतदाता मंगलबार साँझसम्म मतदानस्थल र केन्द्र तोकिएका स्थानमा पुग्ने अपेक्षा गरिएको छ ।

निर्वाचनबाट सात महिला, तीन दलित, दुई अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक र सात अन्य समूहका उम्मेदवार निर्वाचित हुनेछन् । प्रबुद्ध वर्गको प्रतिनिधित्व रहने ५९ सदस्सीय राष्ट्रियसभाका एकतिहाइ सदस्य प्रत्येक दुई वर्षमा पदावधि समाप्त हुने सवैधानिक व्यवस्था छ ।

## ४ नं. वडा कार्यालय राजविराज नगरपालिका कार्यालयबाट जारि भएको

# सूचना

मिति : २०७८/१०/११

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ३ हाल वडा नं. ४ वस्ने मेरो पति आफ्नो कालगतिले मिति २०७३/११/१८ मा मृत्यु भएको निज पति श्याम प्रसाद साहको नाउँमा दर्ता कायम रहेको राजविराज नगरपालिका वडा नं. ४ को प्लोट नं. १०/१ (ख) को क्षेत्रफल ०-०-१.५ (ग) जग्गा म निवेदिका एकमात्र हक खाने पत्नी मन्जु देवी साहको नाउँमा जग्गा नामसारी गरि पाउँ भनि दिनु भएको निवेदन अनुसार उपरोक्त उल्लेखीत प्लोट नं. १०१ (ख) को ०-०-१.५ जग्गा निज निवेदिका मन्जु देवी साहको नाउँमा नामसारी गरिदिएमा कसैलाई कुनै किसिमको उजुर पर्न गएमा आफ्नो सबुत प्रमाण साथ यस ४ नं. वडा कार्यालयमा उपस्थित भई लिखित जवाफ दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

वडा सचिव
राजविराज वडा नं. ४

# लक्षित जनसंख्याको ४४ प्रतिशतले लगाए पूर्ण डोज र ११ हजारले लगाए बुस्टर डोज खोप

धनुषा, ११ माघ (रासस)।

कोरोना भाइरसको तेस्रो लहर चलिरहेको समयमा मधेश प्रदेशमा हालसम्म लक्षित जनसङ्ख्याको ४४ प्रतिशत नागरिकले खोपको पूर्ण डोज लगाएका छन्। साथै करिब ११ हजार नागरिकले बुस्टर डोज लगाएका छन्। मधेश प्रदेशमा हालसम्म १२ वर्षदेखि माथिका ४४.२ प्रतिशत नागरिकले कोरोनाविरुद्धको खोप लगाएको स्वास्थ्य निर्देशनालय मधेश प्रदेशले जनाएको छ।

निर्देशनालयको तथ्याङ्कअनुसार सर्लाहीमा ५५.५, बारामा ४९.४, धनुषामा ४९.१, पर्सामा ४३.८, सप्तरीमा ४२.७ प्रतिशत, सिरहामा ४०.७, महोत्तरीमा ३५.४ र रौतहटमा ३४.७ प्रतिशत लक्षित नागरिकले कोरोना विरुद्धको खोपको पूर्ण डोज लगाएका छन्।

त्यसैगरी नेपाल सरकारले अग्रपङ्क्तिमा खटेकालाई बुस्टोर डोज दिन सुरु गरेकामा मधेश प्रदेशमा करिब ११ हजारले बुस्टर डोज लगाएका छन्। स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झाले आइतबारसम्ममा मधेश प्रदेशमा १० हजार ९९८ जनाले बुस्टर डोज लगाएको जानकारी दिनुभयो।

बारामा सबैभन्दा बढी तीन हजार २२० जनाले बुस्टर डोज लगाएका छन्। त्यस्तै सर्लाहीमा दुई हजार २६, धनुषामा एक हजार ९६०, रौतहटमा एक हजार ८२३, सिरहामा एक हजार ८७, महोत्तरीमा ४१६, सप्तरीमा ३२१ र पर्सामा १०० जनाले बुस्टर डोज लगाएको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

निर्देशक झाका अनुसार प्रदेशमा हालसम्म कूल जनसङ्ख्याको ३४ प्रतिशत नागरिकले खोपको पूर्ण डोज र ३९.५९ प्रतिशत नागरिकले पहिलो डोज लिएका छन्। प्रदेशमा कूल ६३ लाख ४३ हजार ९७० जना जनसङ्ख्या रहेकोमा आइतबारसम्म २१ लाख ५६ हजार ९६४ जना अर्थात ३४ प्रतिशतले खोपको पूर्ण डोज लगाएका छन्।

प्रदेशमा कूल जनसङ्ख्यामध्ये १८ वर्षभन्दा माथिका ६६ प्रतिशत अर्थात ४१ लाख ६० हजार ४२५ र १२ देखि १७ वर्षसम्मका ११ प्रतिशत नागरिक अर्थात सात लाख १५ हजार ३४२ जनालाई खोप दिने लक्ष्य रहेको छ।

लक्ष्यअनुसार भने मधेश प्रदेशमा १८ वर्षभन्दा माथिका ५१.८ प्रतिशत नागरिकलाई खोपको पूर्ण डोज र ६०.४ प्रतिशत नागरिकले पहिलो डोज लिएको स्वास्थ्य निर्देशनालयले जनाएको छ। बाह्र वर्षदेखि १७ वर्षसम्मका भने ६७.२ प्रतिशतले खोपको पहिलो मात्रा लिएका छन्।

पूर्ण डोज लिनेमा सबैभन्दा बढी पर्सामा पाँच लाख २८ हजार ३१६ जनाले रहेका छन्। त्यस्तै सर्लाहीमा तीन लाख ८७ हजार ६५९, धनुषामा तीन लाख २१ हजार ७५४, बारामा तीन लाख २० हजार ८५१, सप्तरीमा दुई लाख ३६ हजार ३१६, रौतहटमा दुई लाख २९ हजार ३८१, सिरहामा दुई लाख २० हजार ३७७ र महोत्तरीमा एक लाख ९५ हजार ५९८ जनाले भ्याक्सिन लगाएका छन्।


# नेपाल सहकारी संस्था लिमिटेड

**राजविराज ३, सप्तरी, गजेन्द्र चौक**

**म्याद नाघेको धितो कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना (प्रथम पटक)**

*मिती : २०७८/१०/१२*

यस नेपाल सहकारी संस्था लिमिटेड राजविराज ३ सप्तरीबाट तपसिलमा उल्लेखीत ऋणीहरुको आफ्नो नाममा दर्ता कायम रहेको अचल सम्पत्ति धितो राखि संस्थाको शर्त अनुसार लिएको कर्जाको म्याद समाप्त भएकोले संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज बुझाउन पटक पटक लिखित तथा मौखिक सूचना गर्दा पनि संस्थालाई बुझाउनु पर्ने रकम नबुझाई आलटाल गरि बसेकोले सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण रकम बुझाउनु होला। अन्यथा सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को दफा ३० बमोजिम कार्यवाही गरि असुल उपर गरिने व्यहोरा समेत यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम |
|---|---|---|---|---|
| १ | मोफिल मियाँ | सप्तरी, गाविस फकिरा ६ | अलिजान मियाँ | पिर बकस मियाँ |
| २ | माया कुमारी मण्डल शुशिल कुमार मण्डल | सप्तरी, राबि ८, हाल ५ | जहुरी मण्डल/कपिल मण्डल | शंकर मण्डल |
| ३ | मूर्ती देवीहजाम | सप्तरी, गाविस फकिरा २ हाल राबि ८ | गुदरी ठाकुर/श्रीकृष्ण ठाकुर | रामजि ठाकुर |
| ४ | मरयम विवि रजिया खातुन | सप्तरी, गाविस छिन्नमस्ता २ | बली मियाँ/रहमुल मियाँ | रसुल मियाँ |
| ५ | बचि श्रेष्ठ | सप्तरी, राबि १, हाल राबि ८ | जयबहादुर श्रेष्ठ | पृथ्वी बहादुर श्रेष्ठ |
| ६ | धनीलाल साह | सप्तरी, जमुनी मधेपुरा ३, हाल राबि ६ | गणेशी साहु | नथुनी साहु तेली |
| ७ | बृजलाल यादव | सप्तरी, गाविस बरही बिरपुर ७ | महन्थी यादव | दोरीक यादव |
| ८ | सफिना खातुन | सप्तरी, राबि ७, हाल ६ | सरिफ अहमद/मोहबुब आलम | गुलाम मुर्तुजा |
| ९ | दुर्गा दास | सप्तरी, राबि १, हाल ७ | सोनेलाल दास/बद्रिप्रसाद दास | राधाकिसुन दास |
| १० | कुसुमी देवी सुडिनी | सप्तरी, गाविस खोक्सरप्रवाह ३ | शिव नारायण साह सुडी | बिलट सुडी |
| ११ | रीता देवी दास | सप्तरी, गाविस कोचाबखारी ४ हाल राबि ५ | किशोरी लाल दास | रामचन्द्र दास |
| १२ | गुडिया दास | सप्तरी, गाविस कोचाबखारी ४ हाल राबि ५ | सन्तोषकुमार दास | महिनारायण दास |
| १३ | दुलारी खातुन | सप्तरी, गाविस चनौरा पडरिया ३ हाल राबि १ | सुलेमान मियाँ/हकिम मियाँ | करिमान मियाँ |
| १४ | सुनिता कुमारी यादव | सिरहा, गाविस मझौरा ३ हाल राबि ८ | अनिरुद्ध प्रसाद यादव/तेज ना. यादव | सत्यनारायण यादव |
| १५ | महेन्द्र प्रसाद यादव | सप्तरी, हाल राबि ५ | दुर्गानन्द यादव | सुदी यादव |
| १६ | चिरन्जीवीलाल देव | सप्तरी, राबि ६, हाल ७ | शिवनारायण लाल देव | बाल गोबिन्द लाल देव |
| १७ | शत्रुधन ठाकुर | धनुषा, गाविस पैंडेश्वर ६ हाल राबि ७ | राम सेवक ठाकुर | रजु ठाकुर |
| १८ | सुनिल कुमार सिन्घी | सप्तरी, राबि १, हाल ७ | शुभकरण सिन्घी | जिवनमल सिन्घी |
| १९ | गुलाब देवी यादवनी शम्भु प्रसाद यादव | सप्तरी, गाविस मलेठ ७ हाल राबि ९ | नसिब लाल यादव | बृजलाल यादव |

**नेपाल सहकारी संस्था लि.**

राजविराज- ३, सप्तरी, फोन नं ०३१-५३१०९६


## विश्व समाचार

### इन्डोनेसिया विभिन्न समुदायका नागरिकबीचको भीडन्तमा १९ को मृत्यु

जकर्ता, ११ माघ (रासस/सिन्ह्वा)।

इन्डोनेसियाको पश्चिमी पपुवामा मंगलबार बिहानी पख एक रात्रि क्लबमा भएको द्विपक्षीय भीडन्तमा परी कम्तीमा पनि १९ जनाको ज्यान गएको छ।

ती दुई समूहबीचको आपसी झडपले उग्र रुप लिएपछि उक्त रात्रि क्लबमा रहेका सर्वसाधारणको पनि ज्यान गएको बताइएको छ।

सोमबार राति पश्चिमी पपुवाको सोरोग नगरमा रहेको एक रात्रि क्लबमा जम्मा भएका व्यक्तिबीच झडप भएको थियो। सो झडपमा परी सुरुमा एकजनाको ज्यान गएको थियो।

त्यसपछि त्यहाँ रहेका अरु पनि भीडन्तमा उत्रिएका थिए। सो झडपपछि उक्त क्लबमा आगजनी गरिएको बताइएको छ। त्यसमा परेर १९को ज्यान गएको र अरु कैयौँ नागरिक घाइते पनि भएका छन्।

पश्चिमी पपुवा प्रान्तका प्रहरी प्रमुख आदम एर्दिनीले सोमबार मध्यरातिदेखि झडप सुरु भएको जानकारी दिएका छन्।

उनले भनेका छन्-सुरुमा दुईजनाबीचको सामान्य विवादले पछि उग्र रुप लिएको थियो। उनीहरुको आन्तरिक झगडाका कारण त्यहाँ ठूलो संख्याका नागरिकको ज्यान गएको उनले बताए।

सो रात्रि क्लबको बाहिर पार्किङ गरी राखिएका कारमा पनि आगजनी गरिएको छ। मध्यरातिदेखि नै प्रहरीले सो भीडन्त नियन्त्रणमा लिने प्रयास गरेपनि त्यस अगावै धेरै नागरिकको ज्यान गइसकेको थियो।

### भारतमा दैनिक संक्रमित घट्दै

नयाँ दिल्ली, ११ माघ (रासस एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमित भएकाको सङ्ख्यामा कमी आउन थालेको छ।

सरकारी अधिकारीले सार्वजनिक गरेको विवरणअनुसार पछिल्ला केही दिनमा भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या घट्दै गइरहेको देखिएको हो।

मंगलबार बिहान सार्वजनिक गरिएको विवरणमा भारतमा थप दुई लाख ५५ हजार ८७४ जना नयाँ सङ्क्रमित भएका छन्।

अघिल्लो दिन सोमबार बिहान सार्वजनिक गरिएको विवरणअनुसार पछिल्लो २४ घण्टामा तीन लाख छ हजार ६४ नयाँ सङ्क्रमित भएका थिए। आइतबारको तुलनामा सोमबार दैनिक सङ्क्रमितको सङ्ख्या २७ हजार ४६९ ले घटेको थियो।

भारतमा अहिले कोरानाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या २२ लाख ३६ हजार ८४२ पुगेको छ।

पछिल्लो २४ घण्टामा भारतमा दुई लाख ६७ हजार ७५३ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। भारतमा अहिले एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या बढी देखिएको छ। यसले गर्दा सक्रिय सङ्क्रमितको सङ्ख्या पनि घट्दै गएको छ।

केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार भारतमा पछिल्लो २४ घण्टामा ६१४को मृत्यु भएको छ।

### सिरियामा नागरिक सुरक्षाबारे संयुक्त राष्ट्रसङ्घको चासो

संयुक्त राष्ट्रसङ्घ, ११ माघ (रासस/सिन्ह्वा)।

सिरियामा नागरिक सुरक्षाको अवस्थाका बारेमा संयुक्त राष्ट्रसङ्घले गम्भीर चासो व्यक्त गरेको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले हालैमात्र पश्चिमी सिरियाको हासाकाह क्षेत्रमा रहेको एक जेलमाथिको आक्रमण र त्यसबाट नागरिक हताहत भएको विषयमा चासो व्यक्त गर्नुभएको हो।

राष्ट्रसङ्घीय महासचिव गुटेर्रेसका प्रवक्ता स्टेफन डुजारिकले प्रकाशन गर्नुभएको विज्ञप्तिमा जेलमा रहेका नागरिकको सुरक्षा गम्भीर चासोको विषय हो भन्दै उनीहरु जेलमा पनि सुरक्षित रहन नपाउनु दुःखद् हो भन्नुभएको छ।

केहीदिन अघि सो नगरमा रहेको एक जेलमा हमला भएको थियो। त्यसमा रहेका कैयौँ व्यक्तिको ज्यान गएको थियो भने केही भागेर ज्यान बचाएका थिए।

सिरियामा पछिल्लो समयमा बढ्दो असुरक्षाको पनि संयुक्त राष्ट्रसङ्घले चासो व्यक्त गरेको छ। त्यहाँ ठूलो संख्याका नागरिक विस्थापित भएकाले उनीहरुको सुरक्षाको प्रत्याभूति हुनुपर्नेमा पनि जोड दिइएको हो।

सिरियामा केही वर्षदेखि नै हिंसा जारी छ। हिंसाका कारण नै यहाँका नागरिक ठूलो संख्यामा विस्थापित भएका छन्।

# ओमिक्रोनबाट बचाउन खोपको सहज उपलब्धता गराउन आग्रह

काठमाडौँ, ११ माघ (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सबै नागरिकका लागि सहज खोप उपलब्ध गराउन सरकासँग आग्रह गर्नुभएको छ। कोभिड-१९ को तेस्रो लहर (ओमिक्रोन) नियन्त्रणमा आयोगमा सोमबार सरोकारवालासँगको छललफलमा उहाँले खोप कार्डबिना सार्वजनिक स्थलमा प्रवेश गर्न नपाइने व्यवस्थाले सर्वसाधारणको मानव अधिकारको उपभोगमा असर परेको हुँदा सहज खोप उपलब्ध गराउन आग्रह गर्नुभएको हो।

अध्यक्ष मगरले सिटामोललगायतका औषधिको अभाव, सवारी साधनमा जोरबिजोर प्रणाली लागू गर्दा भीड झनै बढ्नसक्ने अवस्था र सीमा क्षेत्रमा आवतजावतको व्यवस्थापनलगायतका विषयमा सरकारले थप ध्यान पुर्‍याउन निर्देशनसमेत दिनुभयो।

आयोगले ओमिक्रोनको सङ्क्रमण तीव्रगतिमा फैलिइरहेको हुँदा नियन्त्रणका लागि सरकारबाट भइरहेको तयारी र प्रयासका सम्बन्धमा स्वास्थ्य मन्त्रालयका सचिव डा रोशन पोखरेल र सहसचिवसँग छलफल गरेको हो। सरकारको योजना, अस्पतालको क्षमता, सार्वजनिक यातायातमा लगाइएको जोरबिजोर प्रणाली, बुस्टर डोज र बालबालिकालाई दिइने खोपमा पहुँच, अत्यावश्यक वस्तुमा सर्वसाधारणको सहज पहुँच, औषधिको कृत्रिम अभाव हुन नदिने जस्ता विषयमा छलफल भएको थियो।

त्यस्तै तेस्रो मुलुकबाट नेपाल प्रवेश गरेका व्यक्तिको सेल्फक्वारेन्टिइन तथा अनुगमन व्यवस्था, सीमा क्षेत्र तथा स्थानीय तहमा सञ्चालनमा रहेको होल्डिङ सेन्टर, क्वारेन्टाइन तथा आइसोलेशन केन्द्रको अवस्था, सार्वजनिक सेवाको लागि खोप कार्ड अनिवार्य गर्ने व्यवस्थाले सेवाग्राहीको मानव अधिकारको उपभोगमा पर्ने असर तथा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका अग्रपङ्क्तिमा खटिने कर्मचारीको मनोबल उच्च राख्न उनीहरूले पाउनुपर्ने सेवासुविधाको उपलब्धता विषयमा आयोगले जानकारी लिएको थियो।

# ‘नो खोप कार्ड नो सर्भिस’, ‘नो मास्क नो इन्ट्री’

जलेश्वर, ११ माघ (रासस)।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले ‘नो खोप कार्ड नो सर्भिस’ व्यवस्था लागू गरेको छ। कोरोना नियन्त्रण गर्न प्रशासनले यस्तो प्राबधान कार्यान्वयनमा ल्याएको हो।

सोही क्रममा जिल्लाको प्रत्येक कार्यालयमा ‘नो मास्क नो इन्ट्री’ कार्यक्रम लागू गरिएको छ भने जिप्रकामा ‘नो खोप कार्ड नो सर्भिस’ प्राबधान लागू गरिएको सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले जानकारी दिनुभयो।

प्रशासनले खोप नलिएकालाई सेवा नदिने र सेवाग्राहीलाई प्रशासन कार्यालयबाट नै तत्काल खोप लगाउने व्यवस्था मिलाएको उहाँले बताउनुभयो।

अहिले जिल्ला प्रशासन कार्यालयमा आउने प्रत्येक सेवाग्राहीलाई मुख्यद्वारमै खटिएका स्वास्थ्यकर्मीले खोप कार्ड रहे/नरहेको सोधीखोजी गर्छन् भने भएकालाई सेवा दिने र नभएकालाई त्यही प्राङ्गणमा रहेका स्वास्थ्यकर्मीद्वारा तत्काल खोप लगाएर मात्रै सेवा दिने गर्दछन्।

यसअघि मास्क, स्यानिटाइजर र भौतिक दूरी कायम गरी सेवा प्रदान गर्दै आएको प्रशासनले कार्यालयमै खोपको व्यवस्था गरी सेवा प्रदान गर्न थालेको हो।

# समयमै नतिजा प्रकाशन गर्न मन्त्रीको निर्देशन

काठमाडौँ, ११ माघ (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले विद्यार्थीको नतिजा समयमा नै निकाल्न त्रिभुवन विश्वविद्यालयलाई निर्देशन दिनुभएको छ।

मंगलबार अनुगमन गर्न परीक्षा नियन्त्रण कार्यालय बल्खु पुग्नुभएका मन्त्री पौडेलले यो अथवा त्यो बहाना नगरी समयमै विद्यार्थीको नतिजा निकाल्न निर्देशन दिनुभयो।

“कतिपय खुलेका आयोगमा परीक्षा दिन पाएनौँ भन्ने विद्यार्थीको गुनासो छ, नतिजा प्रकाशन नहुँदा विद्यार्थी त्यो अवसरबाट वञ्चित हुने अवस्था आयो ‘फास्ट ट्र्याक’बाट नतिजा निकाल्नुस”, उहाँले भन्नुभयो।

परीक्षा नियन्त्रक पुष्पराज जोशीले जनशक्ति अभावका कारण समयमा नतिजा निकाल्न नसकेको मन्त्रीलाई जानकारी गराउनुभयो। “जनशक्ति अभाव भए सेवा आयोगलाई भनेर अस्थायी कर्मचारी ल्याएर भए पनि समयमा सेवाग्राहीको काम हुनपर्‍यो”, मन्त्रीले भन्नुभयो।

मानविकी सङ्कायमा विद्यार्थीको धेरै गुनासो रहेको भन्दै मन्त्रीले गुनासो नआउने गरी काम गर्नेतर्फ ध्यान दिन कर्मचारीलाई आग्रह गर्नुभयो। सोही क्रममा परीक्षा नियन्त्रक जोशीले पर्याप्त जनशक्ति भए परीक्षापछिको तीन महिनाभित्र नतिजा निकाल्ने बताउनुभयो।

उहाँले पुराना कर्मचारी अवकास हुँदा नयाँ कर्मचारीलाई ‘सिस्टम’ सिक्न एक वर्ष लाग्ने बताउनुभयो। उहाँले परीक्षा नियन्त्रक कार्यालयमा २२४ जना कर्मचारी हुनुपर्नेमा १३७ जनाले काम गरिरहेकाले समयमै नतिजा दिन नसकेको स्वीकार गर्नुभयो।

# समयमै स्थानीय तहको निर्वाचन हुनुपर्नेमा कांग्रेस नेताहरूको जोड

काठमाडौँ, १० माघ (रासस)।

नेपाली कांग्रेसका नेताहरूले स्थानीय तहको निर्वाचन समयमै हुनुपर्नेमा जोड दिनुभएको छ। पार्टीका नेता डा शेखर कोइरालाले मंगलबार आयोजना गर्नुभएको भर्चुअल बैठकमा सहभागी नेताहरूले स्थानीय तहको निर्वाचन आगामी वैशाखमै गर्नुपर्ने सुझाव दिनुभएको हो।

नेताहरूले स्थानीय निर्वाचनका सम्बन्धमा सत्ता गठबन्धनमा निर्णय गर्नुअघि पार्टीमा आवश्यक छलफल गरी साझा धारणा बनाउनुपर्ने बताउँदै पार्टीमा एकता कायम गरेर कांग्रेस एक्लै निर्वाचनमा जानुपर्ने सुझाव समेत दिनुभएको थियो। बैठकमा नेता डा कोइराला, महामन्त्री गगनकुमार थापा, नेताहरू डा रामशरण महत, अर्जुननरसिंह केसी, डा मीनेन्द्र रिजाल, डा चन्द्र भण्डारीलगायतका सहभागी हुनुहुन्थ्यो।

प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाको संयोजनमा सत्ता गठबन्धन दलका शीर्ष नेताहरूले समयमै स्थानीय तहको निर्वाचन गर्ने सन्दर्भमा विभिन्न चरणमा छलफल गर्नुका साथै आइतबार मात्रै कानूनविद्हरूसँग परामर्श गर्नुभएको थियो।

# स्थानीय तहको चुनाव सार्न मिल्दैन : एमाले नेता खरेल

झापा, ११ माघ (रासस)।

नेकपा एमाले स्थायी समिति सदस्य एवं पूर्वकानुनमन्त्री अग्नी खरेलले संविधानले स्थानीय तहको सरकारको तोकिदिएको पाँच वर्ष अवधिभन्दा कसैले एकदिन पनि थप्न नसक्ने बताउनुभएको छ।

मंगलबार झापाको विर्तामोडमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले यदि संविधान उल्लङ्घन गरेर स्थानीय तहको चुनाव सार्ने कार्य भएमा एमालेले नसहने बताउनुभयो। “वैशाखमा हुनुपर्ने चुनाव मङ्सिरमा सार्न मिल्दैन। यो स्थानीय निकाय होइन, स्थानीय सरकार हो। संविधानमा यसको अवधि पाँच वर्ष हुने स्पष्ट व्यवस्था छ।”

चुनाव नगर्ने र विगतको जस्तै जनप्रतिनिधिविहीन अन्योलको अवस्थामा स्थानीय तहलाई धकेल्न सरकार उद्यत रहेको उहाँको आरोप थियो। उहाँले स्थानीय सरकार गठन र सञ्चालनसम्बन्धी कानुन निर्माणका बेला राज्य व्यवस्था समितिमा भएको छलफलमा आफू आमन्त्रित सदस्यको रुपमा सहभागी बनेको स्मरण गर्नुभयो।

स्थानीय तहमा पाँच वर्ष तोकिएको अवधि एकदिन पनि बढाउन नमिल्ने र एक दिन जनप्रतिनिधिविहीन पनि राख्न नमिल्ने उहाँको धारणा रहेको छ। अर्ली इलेक्सन वा तीनवटै तहको सरकारको चुनाव एकैपटक गर्ने भन्ने कुरा चुनाव नगर्ने योजना भएको एमाले नेता खरेलको आरोप छ।

## *स्थानीय तहको ...*

चरण र असोज २ गते तेस्रो चरणमा सम्पन्न भएकामा पहिलो चरणलाई आधार मानी स्थानीय तह निर्वाचन ऐन, २०७३ को व्यवस्थाबमोजिम स्थानीय तहका सबै निर्वाचित पदाधिकारीको कार्यकाल आगामी २०७९ साल जेठ ५ मा समाप्त हुने आयोगले स्पष्ट गरेको छ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ को व्यवस्थाबमोजिम स्थानीय तहको कार्यकाल समाप्त हुनु अगावै स्थानीय तहको निर्वाचन गर्न आयोग पदाधिकारीले प्रधानमन्त्री शेरबहादुर देउवालाई पहिलोपटक गत कात्तिक ८ गते भेटी स्थानीय तहको आगामी निर्वाचनका सम्बन्धमा भएका संवैधानिक तथा कानूनी व्यवस्थाबारेमा जानकारी गराउनुभएको थियो।

दोस्रोपटक पुस ९ गते पुनः भेटी स्थानीय तहका निर्वाचित पदाधिकारीको पदावधिसम्बन्धी व्यवस्थाका बारेमा जानकारी गराई आगामी वैशाख १४ गते बुधबारका दिन एकै चरणमा स्थानीय तहको निर्वाचन गर्ने गरी मिति तोक्न प्रस्ताव गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। आयोगले यदि कुनै कारणबाट एकै चरणमा निर्वाचन गर्न सम्भव नभएमा पहिलो चरण वैशाख १४ गते बुधबार र दोस्रो चरण वैशाख २२ गते बिहीबार गर्ने गरी दुई चरणमा निर्वाचन गर्न उपयुक्त हुने भनी प्रस्तावसमेत गरेको थियो।

## *२५ हजार परीक्षण ...*

रुपन्देही र कैलाली रहेका छन्। यस्तै २०० भन्दा बढी संक्रमित भएका १७ जिल्ला रहेका छन्। ती जिल्लामा पर्सा, बारा, महोत्तरी, सप्तरी, सर्लाही, सिरहा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, सिन्धुली, गोरखा, तनहुँ, स्याङ्जा, बागलुङ, दाङ, पाल्पा र कञ्चनपुर रहेका छन्।


आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*